# बराहताल गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०९ संख्याः०१ मितिः २०८२।०१।१५

## शिक्षक दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन कार्यविधि, २०८१

**बराहताल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**बड्डीचौर, सुर्खेत,**

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०९।०७

पहिलो संशोधन २०८२।०१।१५

# <u>शिक्षक दरबन्दी मिलान तथा शिक्षक ब्यबस्थापन  कार्यविधि, २०८१</u>

**<u>प्रस्तावना</u>** : नेपाल सरकार, मन्त्रिपरिषबाट साबिकमा नेपाल सरकारबाट  बराहताल गाउँपालिका अन्तर्गत उपलब्ध भएको प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहका शिक्षक दरबन्दी, राहत तथा संघीय   अनुदान कोटालाई शिक्षा ऐन, २०२८ को दफा ११ को उपदफा (५)को खण्ड (च) बमोजिमको दरबन्दी बाँडफाँड गरि दरबन्दी मिलान गर्न बराहताल गाउँपालिका अन्तर्गत शिक्षा, युवा तथा खेलकुद शाखा र गाउँ शिक्षा समिति मार्फत निर्मित संबाद  समितिलाई जिम्मेवारी दिने भनि मिति २०८१/०२/०६ मा भएको निर्णयलाई प्रक्रियागत रुपमा सरल, सहज र पारदर्शी ढङ्गबाट कार्यान्वन गर्न बान्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी बराहताल गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस कार्यविधिको नाम : शिक्षक दरबन्दी मिलान तथा ब्यबस्थापन कार्यविधि, २०८१ रहेको छ ।

(२) यो कार्यविधि  गाउँ कार्यपालिकाको वैठकबाट पारित भएको मितिदेखी लागू हुनेछ ।

२. **<u>परिभाषा</u>** : बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) “गाउँ**पालिका”** भन्नाले बराहताल गाउँपालिकालाई  सम्झनु पर्छ ।

(ख) **“ऐन”** भन्नाले शिक्षा ऐन २०२८ सम्झनु पर्छ ।

(ग) **“बि.व्य.स.”** भन्नाले सम्बन्धित विद्यालयमा गठन भएको विद्यालय ब्यबस्थापन समितिलाई सम्झनु पर्दछ ।

(घ) **“दरबन्दी”** भन्नाले सामुदायिक विद्यालयमा नेपाल सरकारबाट प्राप्त भएको स्वीकृत दरबन्दी सम्झनु पर्छ  र सो शब्दले राहत, करार  र संघीय अनुदान समेतलाइ जनाउँछ  ।

(ङ) **“नियमावली”** भन्नाले शिक्षा नियमावली २०५९ सम्झनु पर्छ ।

(च) **“प्रधानाध्यापक”** भन्नाले सामुदायिक विद्यालयको प्रधानाध्यापक वा प्रधानाध्यापकको जिम्मेवारी लिएको शिक्षक सम्झनु पर्छ ।

(छ) **"विद्यालय"** भन्नाले प्रचलित कानुन बमोजिम अनुमति वा स्वीकृति लिई संचालनमा रहेको सामुदायिक विद्यालय सम्झनु पर्छ ।

(ज) **"स्थानीय तह"** भन्नाले बराहताल गाउँपालिकालाई सम्झनु पर्छ ।

(झ) **"शिक्षा समिति"** भन्नाले बराहताल गाउँपालिका अन्तरगत गाउँ शिक्षा समितिलाई सम्झनु पर्छ ।

## परिच्छेद -२

## शिक्षक दरबन्दी मिलान सम्बन्धी व्यवस्था

३. **शिक्षक दरबन्दी मिलान** : शिक्षक दरबन्दी मिलान देहायको आधारमा गरिनेछ :-

(क)नियमावलीले हिमाल , पहाड तथा तराईको लागि कायम गरेको शिक्षक विद्यार्थी अनुपात र सो नियमावलीको अनुसुची १२ मा उल्लेखित भएको विद्यालयमा रहनु पर्ने विद्यालयमा दरबन्दीको आधारमा सम्वत प्रत्येक शैक्षिक शत्रको अन्तिम सम्म अनलाइन प्रणालीबाट भरिएको शैक्षिक तथ्यांङक तथा विद्यालयका विद्यार्थी सङ्ख्या र हिमाल, पहाड र यस बराहताल गाउँपालिकाको भौगोलिक परिवेश अनुसार शिक्षक विद्यार्थी अनुपात क्रमशः ४०,४५,५० लाई आधार मानी दरबन्दी वितरण गरिनुका साथै शिक्षा नियमावलीको अनुसूची -१२ बमोजिम भएको व्यवस्था अनुसार प्राथमिक विद्यालयमा ५० जना सम्म विद्यार्थी भएमा कम्तिमा २ जना र सो भन्दा बढी भएमा कम्तिमा ३ जना दरबन्दी कायम हुनेछ, यस स्थानीय तहको शिक्षकको मौजुदा अवस्था र आवश्यकता पहिचानको आधार व्यवस्थापन गर्ने ।

(ख)दरबन्दी पुर्नबितरण गर्दा साविकमा रहेको प्राथमिक तह (कक्षा १-५) , निम्न माध्यमिक तह (कक्षा ६-८), माध्यमिक तह (कक्षा ९-१०) र उच्च माध्यमिक तह (कक्षा ११-१२) लाई आधारको रुपमा लिने ।

(ग)दरबन्दी पुर्नबितरण गर्दा नेपाल सरकारले विद्यालयलाई उपलब्ध गराएको प्राथमिक, निम्न माध्यमिक, माध्यमिक र उच्च माध्यमिक तहको दरबन्दी, राहत, करार र संघीय अनुदान र उ मा वि अनुदान समेतलाई गणना गर्ने ।

(घ)शिक्षक आवश्यकता पहिचान गर्दा स्थानीय तहमा वित्तीय हस्तान्तरणको प्रयोजनका लागि जिल्ला शिक्षा समितिले विद्यालयमा बाँडफाँड गरेको दरबन्दीलाई आधार मानेर नेपाल सरकारले

उपलब्ध गराएको देशभरका प्राथमिक तहका शिक्षक दरबन्दी बराहताल गाउँपालिकामा बचत हुन् आउने र निम्न माध्यमिक तहमा तथा माध्यमिक तहमा दरबन्दी अपुग हुने र आवश्यक सङ्ख्यामा दरबन्दी स्वीकृत नहुँदासम्म अपुग हुने दरबन्दी हाल प्राथमिक तहमा बढीहुन आउने दरबन्दीबाटै पूर्ति गर्ने ।

(ङ)कुनै विद्यालयमा माथिल्लो तहमा दरबन्दी अपुग भएको अबस्थामा तल्लो तहमा बढी भएको रहेछ भने सबै तहको दरबन्दी एकमुष्ट गणना गरि नियमावली बमोजिम न्युनतम दरबन्दी सुनिश्चित गरि स्थानीय तहमा दरबन्दी मिलान गर्ने ।

(च)दरबन्दी मिलान र पुनर्वितरण गर्दा सामाजिक न्याय, समानुपातिक वितरण, भौगोलिक विषमतालाई ध्यान दिंदै गुणस्तरीय शिक्षा प्रबर्धनमा जोड दिन विद्यालयमा बढी भएको शिक्षक दरबन्दी सम्बन्धित वडामा, सम्बन्धित वडामा बढी भएको दरबन्दी अर्को वडामा र सोमा पनि बढी भएको दरबन्दी स्थानीय तहमा राखी शिक्षक दरबन्दी कम भएका र विद्यार्थी संख्या बढी भएका विद्यालयमा मिलान तथा पुनर्वितरण गर्ने ।

(छ)विद्यालयको विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक संख्या बढी भएको अबस्थामा कुनै कारणबाट दरबन्दी रिक्त हुन आएमा दरबन्दी मिलान कार्य सम्पन्न नभएसम्म त्यस्ता विद्यालयले रिक्त पदपूर्ति नगर्ने ।

(ज)दरबन्दी मिलान गर्दा पनि दरबन्दी अपुग भएमा स्थानीय तहले स्वयम्- सेवक शिक्षक ब्यबस्थापन गर्ने ।

(झ)एउटा मात्र दरबन्दी रहने अवस्थाको विद्यालयमा कम्तिमा एकजना बाल विकास स. का. को ब्यबस्था गर्नुपर्ने अन्यथा दुई दरबन्दी कायम रहने छ ।

## परिच्छेद — ३

## पुलमा रहेको दरबन्दी ब्यबस्थापन

४. **<u>पुल दरबन्दी सम्बन्धी व्यवस्था</u>** : दफा ३ बमोजिम हिमाल, पहाड, तराई र उपत्यकामा ऐन तथा नियमावलीमा तोकिएको शिक्षक विद्यार्थीको अनुपात र निम्न माध्यमिक तथा माध्यमिक तहमा बिषयगत आधारमा बढी भएको शिक्षक दरबन्दीलाई पुल दरबन्दीको रुपमा राख्नु पर्नेछ ।

५. **माथिल्लो तहमा गणना हुने पुल दरबन्दी** : दफा ४ बमोजिमको पुल दरबन्दीलाई सोहि विद्यालय तथा स्थानीय तहको निम्न माध्यमिक, माध्यमिक (कक्षा ११-१२ समेत) तहमा शिक्षक दरबन्दी अपुग भएको अवस्थामा त्यसरी बाँकि भएको पुल दरबन्दी मध्ये माथिल्लो तहमा आवश्यक हुने दरबन्दी समेतलाई गणना गर्नु पर्नेछ ।

६. **खुद पुल दरबन्दी सम्बन्धी व्यवस्था** : स्थानीय तहले दफा ४ बमोजिम कायम भएको पुल दरबन्दीमा माथिल्लो तहको अध्यापन हुने विद्यालयहरुमा शिक्षक अपुग भएमा दफा ५ बमोजिम माथिल्लो तहमा गणना हुने पुल दरबन्दी कट्टा गरि बचत हुन आउने दरबन्दीलाई खुद पुल दरबन्दी मानिनेछ र त्यस्तो दरबन्दी बराहताल गाउँपालिकामा रहनेछ ।

७. **खुद पुल दरबन्दी अन्यत्र पठाउने** : (१) स्थानीय तहले आफ्नो तहको लागि एकिन भएको दरबन्दी आफ्नो क्षेत्रको एक विद्यालयबाट अर्को विद्यालयमा मिलान गर्नु पर्नेछ, त्यसरी मिलान गर्दा अपांगता भएका र महिला शिक्षक तथा अन्य शिक्षकलाई पनि सम्भवभएसम्म घर पाएक पर्नेगरी मिलान गर्नु पर्नेछ ।

(२)बराहताल गाउँपालिकामा पुलमा रहने एकिन भएका खुद पुल दरबन्दी पालिकाको समन्वयमा एक वडाबाट अर्को वडामा पालिकाले शिक्षक दरवन्दी (मिलान तथा शिक्षक व्यवस्थापन कार्यविधि अनुसार) गर्नेछ, यसरि दरबन्दी पुनर्वितरण गर्दा ज्यादै आवस्यकता देखिएको विद्यालयमा प्राथमिकताको आधारमा आनुपातिक रुपमा गर्नु पर्नेछ ।

(३)पालिकामा पुल दरबन्दीका रुपमा परिभाषित गरिएका दरबन्दीहरु मिलान पुर्व मौजुदा रहेका विद्यालयका दरबन्दीहरु विद्यालयबाट कटौती नहुने र कामकाजका लागि उक्त दरबन्दीमा रहेका शिक्षकहरुलाई अन्य विद्यालयमा काजमा खटाइनेछ ।

## परिच्छेद -४
## शिक्षक ब्यबस्थापन

८. **शिक्षक ब्यबस्थापनका आधारहरु** : दफा ७ बमोजिम खुद पुलमा रहेको दरबन्दी सम्बन्धित गाउँपालिकाले पुनर्वितरण गर्दा देहायको प्राथमिकताको आधारमा शिक्षकको स्थानान्तरण र पदस्थापना गर्नु पर्नेछ :-

[1](क) दरबन्दी मिलान गर्दा आधारभुत र माध्यामिक तहमा विषयगत शिक्षक अभावलाई पूर्ती गर्न दरबन्दी मिलान पूर्व गाउँपालिका अन्तरगतका विद्यालयहरुमा प्राथमिक तहमा कार्यरत स्थायी शिक्षकहरुमध्येबाट माथिल्लो शैक्षिक योग्यता भएका शिक्षकहरुलाई स्वेच्छिक रुपमा खटाउन गाउँपालिकाले सूचना प्रकाशन गरी वियगत रुपमा गाउँ शिक्षा समितिले शिक्षक व्यवस्थापन गरे पश्चात पुल दरबन्दी कायम गर्ने,

(ख) खुद पुलमा रहेको दरबन्दी स्थानान्तरण गर्दा सम्भब भए सम्म रिक्त रहेको दरबन्दी, करार दरबन्दी राहत तथा संघीय अनुदानलाई स्थानान्तरण गर्ने र स्थायी दरबन्दी स्थानन्तरण गर्दा कनिष्ठताको अधारमा गर्ने,

(ग) राहत तथा संघीय अनुदान स्थानान्तरण गर्दा पनि खुद पुल दरबन्दी बाँकी भएमा रिक्त दरबन्दीलाई स्थानान्तरण गर्ने,

(घ) खुद पुल दरबन्दी पुर्नबितरण गरेको वा गरिने विद्यालयमा स्वेच्छिक रुपमा जान चाहने शिक्षकहरुको लागि निवेदन आव्हान गरि प्राप्त निबेदनको छानबिन गरि उपयुक्तता समेत हेरी स्थानान्तरण गर्ने,

तर यसरी शिक्षकको स्थानान्तरण गर्दा आ.वि. र मा.वि.मा विषयगत तथा माथिल्लो शैक्षिक योग्यता भएका र महिला शिक्षकलाई यथाशक्य घरपायक पर्ने गरि स्थानान्तरण गर्ने ।

(ङ) खण्ड (घ) बमोजिम निबेदन दिने शिक्षकको सङ्ख्या धेरै हुन आएमा महिला शिक्षकलाई प्राथमिकता दिई बाँकि दरबन्दीको हकमा शिक्षकको नियुक्ति मितिको जेष्ठताको आधारमा स्थानान्तरण गर्ने ।

(च) करारमा कार्यरत शिक्षकलाई निजले लिएको नियुक्ति मितिको आधार लिई कनिष्ठताको आधारमा स्थानान्तरण गर्ने ।

(छ)राहत तथा संघीय अनुदानमा कार्यरत शिक्षकलाई निजको नियुक्ति मितिलाई आधार लिई कनिष्ठताको आधारमा स्थानान्तरण गर्ने र स्थानान्तरण गर्दा शैक्षिक सत्रको अन्तमा मात्र गर्ने,

(ज) जिल्लान्तर सरुवा भइ आएका शिक्षकको हकमा नेपालको संबिधान जारि भएको मितिलाई कनिष्टताको प्राथमिकताक्रम तयार गरि निजको स्थानान्तरण गर्ने,

(झ) खण्ड (ख), (ग), (घ), (ङ), (च), (छ) र (ज) बमोजिम शिक्षक स्थानान्तरण गर्दा खुद पुल दरबन्दी वितरण गर्न बाँकि रहेमा स्थायी,राहत, करार तथा संघीय अनुदानसहितको शिक्षकको नियुक्ति मितिको आधारमा कनिष्ठताको क्रम निर्धारण गरि कनिष्ठताबाट स्थानान्तरण गर्ने,

---

[१] पहिलो संशोधनद्वारा थप

(ञ) शिक्षकको स्थानान्तरण गर्दा सम्भव भएसम्म पति पत्नी एकै विद्यालयमा पर्ने गरि मिलान गर्न प्राथमिकता दिने ।

## परिच्छेद -५

दरबन्दी पुनर्वितरण  तथा व्यवस्थापनमा बिभिन्न निकायहरुको भूमिका

९. **बराहताल गाउँपालिकाको भूमिका** : दरबन्दी पुर्नबितरण तथा शिक्षक ब्यबस्थापनमा गाउँपालिकाको भूमिका देहाय बमोजिम हुनेछ :-

(क) शिक्षक दरबन्दी पुनर्वितरण तथा शिक्षक ब्यबस्थापन सम्बन्धि कार्यको सहजीकरण गर्ने,

(ख) दरबन्दी मिलान तथा शिक्षक ब्यबस्थापन सम्बन्धी  कार्यको लागि नेपाल शिक्षक महासंघ, गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, बि.व्य.स. तथा शि.अ.संघ  आदि बीच आवश्यक  समन्वय तथा सहजीकरण गर्ने,

(ग)दरबन्दी पुनर्वितरण तथा शिक्षक ब्यबस्थापनको लागि आवश्यक थप आधारहरु तय गरी कार्यान्वयन  गर्ने,

(घ)कार्यपालिका, गाउँ  शिक्षा समिति, वडा कार्यालय र विद्यालयलाई आवश्यकता  अनुसार निर्देशन दिने,

१०. **कार्यपालिकाको भूमिका** : दरबन्दी पुनर्वितरण तथा शिक्षक ब्यबस्थापनमा कार्यपालिकाको भूमिका देहाय बमोजिम हुनेछ :-

(क) बराहताल गाउपालिका अन्तर्गतका विद्यालयमा स्थानीय तहको दरबन्दी मिलान तथा शिक्षक ब्यबस्थापनको लागि आवश्यक सहजिकरण गर्ने वा गर्न लगाउने,

(ख) वडा भित्रको अन्तर विद्यालय दरबन्दी पुनर्वितरण तथा शिक्षक ब्यबस्थापनको काम गर्ने,

(ग) दरबन्दी पुनर्वितरण गर्दा दरबन्दी सम्बन्धित विद्यालयमा रहने गरी  अर्को विद्यालयमा जान चाहने शिक्षकको निवेदन आह्वान गर्ने र यसै कार्यविधिमा भएको व्यवस्था बमोजिम शिक्षकको स्थानान्तरण गर्ने,

(घ) यस कार्यविधि बमोजिम गाउँशिक्षा समितिको सिफारिसमा दरवन्दी मिलान तथा शिक्षक स्थानान्तरण गर्ने ।

(ङ)बराहताल गाउँपालिकाको दरबन्दी मिलान सम्बन्धी कुनै गुनासो आएमा बराहताल गाउँपालिकाको समन्वयमा गुनासो सम्बोधन तथा सहजीकरण गर्ने,

(च) दरबन्दी मिलान र शिक्षक ब्यवस्थापन गर्दा आवश्यकताका आधारमा यस कार्यविधिको प्रतिकुल नहुने गरी थप आधार तयार गरी कार्यन्वयन गर्ने ।

११. **<u>गाउँ शिक्षा समितिको भूमिका</u>** : दरबन्दी पुनर्वितरण तथा शिक्षक ब्यबस्थापन गर्दा गाउँ शिक्षा समितिको भूमिका देहाय बमोजिम हुनेछ :-

(क) शिक्षक दरबन्दी मिलान, पुनर्वितरण तथा शिक्षक ब्यवस्थापनको लागि मातहतका वडा शिक्षा समिति र विद्यालयसँग आपसी समन्वय र सहकार्य गर्ने,

(ख) शिक्षक दरबन्दी मिलान तथा पुलमा रहने शिक्षक दरबन्दीको सूची प्रकाशन गर्ने,

(ग) प्रकासित सूचि सम्बन्धमा विद्यालयबाट गुनासो आएमा सहजीकरण गर्ने,

(घ) गाउँपालिकाले दरबन्दी मिलान तथा शिक्षक स्थानान्तरण गर्नुपर्ने भएमा आवश्यकता र औचित्यको आधारमा वडा, अन्तर वडा भित्र ब्यवस्थापन गर्ने, साथै दरबन्दी मिलान गर्दा तहगत र विषयगतलाई ख्याल गरि ब्यवस्थापन गर्ने,

(ङ) दरबन्दी मिलान तथा पुल दरबन्दी ब्यवस्थापनका लागि विद्यालयलाई निर्देशन दिने र समय समयमा प्रगति विवरण माग गर्ने,

(च) दरबन्दी मिलान तथा शिक्षक ब्यवस्थापनको लागि कार्यपालिका र वडासँग आवश्यक समन्वय गर्ने,

(छ) कार्यपालिकाले दरबन्दी पुनर्वितरण तथा शिक्षक ब्यवस्थापनको लागि गरेका कार्यहरुको अनुगमन गर्ने,

(ज) दरबन्दी मिलान तथा व्यवस्थापनमा समस्या वा विवाद आएमा सम्वाद समितिमा छलफल गरी समस्या समाधान गर्ने,

१२. **<u>विद्यालयको भूमिका</u>** : दरबन्दी पुनर्वितरण तथा शिक्षक ब्यवस्थापनमा विद्यालयको भूमिका देहाय बमोजिम हुनेछ :-

(क) कार्यपालिका र गाउँ शिक्षा समितिले गरेको दरबन्दी मिलानको काममा सहयोग र सहजीकरण गर्ने,

(ख) स्थानीय तहमा रहेका शिक्षक दरबन्दीको संख्यालाई ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम प्राथमिक तहमा विद्यार्थी सङ्ख्याको आधारमा तथा अन्य तहमा बिषयगत आधारमा विवरण शिक्षा शाखामा बुझाउने र आवश्यक सङ्ख्या माग गर्ने,

(ग) स्थानीय तहबाट वितरित दरबन्दी अपुग भएमा सोहि अनुसार हुने गरि हाललाई आफ्नै श्रोतबाट शिक्षकको व्यवस्था मिलाउने,

(घ) शिक्षा शाखासँग समन्वय गरी रिक्त दरबन्दी, करार, राहत तथा संघीय अनुदान दरबन्दीका शिक्षकको विवरण उपलब्ध गराउने,

(ङ) स्थानान्तरण गरिएको शिक्षकलाई यथासक्य छिटो रमाना दिई पठाउने तथा रमाना लिई आउने शिक्षकलाई हाजिरी गराई विवरण पठाउने ।

१३. **<u>वडा समितिको भूमिका</u>** : दरबन्दी पुनर्वितरण तथा शिक्षक ब्यवस्थापनमा वडा समितिको भूमिका देहाय बमोजिम हुनेछ :-

(क) गाउँपालिकाले प्रकाशित गरेको सूचिको आधारमा आफ्ना वडा भित्रका विद्यालयमा रहेको दरबन्दी तथा खुद पुल दरबन्दीको सूची एकिन गर्ने,

(ख) स्थानीय विद्यालयसँग समन्वय गरी तत् तत् विद्यालयमा रहेको खुद रिक्त दरबन्दी, करारमा रहेको शिक्षक राहत तथा संघीय अनुदानमा रहेको शिक्षक र स्थायी शिक्षकहरुको विवरण र सूची आफ्नो अभिलेखसँग भिडाई एकिन गर्ने,

(ग) खुद पुल दरबन्दी स्थानीय विद्यालयहरुको समन्वयमा सोहि वडामा बढी भएको खण्डमा अर्को वडाको विद्यालयमा स्थानान्तरण गर्ने व्यवस्था मिलाउने,

(घ) वडामा अवस्थित शिक्षकका बिभिन्न पेशागत संघ, संगठन तथा बि.व्य.स. अध्यक्ष र प्रधानाध्यापकसँग बैठक गरी कार्यविधिमा तोकिएको आधारहरु बारे छलफल तथा जानकारी गराउने,

(ङ) दरबन्दी मिलान तथा शिक्षक ब्यवस्थापन गर्दा गाउँपालिका तथा गाउँ शिक्षा समितिको सहयोग र समन्वयमा गर्ने,

(च) गाउँपालिकाले दिएको निर्देशन बमोजिम अन्य कार्य गर्ने ।

## परिच्छेद — ६

## <u>विविध</u>

१४. **<u>दरबन्दी पुनर्वितरण गर्ने समयावधि</u>** : (१) पालिकाले यस कार्यविधिको परिच्छेद २ अनुसारको आधारमा पालिकाभरका शिक्षक दरबन्दी वितरणको अवस्था र खुद पुलमा रहेको तथा अपुग दरबन्दी समेत तहगत रुपमा किटान गरी केन्द्रको पालिकाको वेबसाइट तथा संचार माध्यम द्वारा प्रकाशन गर्नु पर्नेछ ।

[२](२) गाउँपालिकाले चालु शैक्षिक शत्रको चैत्र मसान्तको विद्यार्थी विवरणका आधारमा दरबन्दी संख्या एकिन गर्नेछ । तर पालिकाले पहिलो पटकका लागि सम्बत २०८१ साल पुस मसान्त भित्र आफ्नो पालिका भित्र पुलमा रहेका दरबन्दी यसै कार्यविधि अनुसार प्राथमिकता तोकी वितरण तयार गरिसक्नु पर्नेछ ।

(३) एकै वडा भित्रको एक विद्यालयबाट अर्को विद्यालयमा दरबन्दी वितरणको लागि विद्यालयबाट अनुरोध भइ आएमा पालिकाले यसरि खुद पुलमा रहेको दरबन्दी बढी आवश्यक भएका विद्यालयलाई प्राथमिकतामा राखी आफैले तयार गरेको सूचकको आधारमा वितरण गर्नु पर्नेछ , यस्तो कार्य विद्यालयबाट अनुरोध भइ आएमा १५ दिन भित्र सम्पन्न गरि सक्नु पर्नेछ ।

(४) अन्तर वडा दरबन्दी मिलान तथा शिक्षक ब्यबस्थापन गर्न सम्बन्धित वडाबाट माग भइ आएमा पालिकाले यसै कार्यविधिको प्रतिकुल नहुने गरि माग भएको १५ दिन भित्र शिक्षक स्थानान्तरण गरि सक्नु पर्नेछ ।

(५) दरबन्दी पुनर्वितरण तथा शिक्षक ब्यवस्थापनको लागि गर्नु पर्ने काम, समय सिमा तथा जिम्मेवार निकाय, अनुगमन सूचक पालिकाले तयार गरी कार्यन्वयन गर्नु गराउनु पर्नेछ ।

१५. **<u>शिक्षक स्थानान्तरण भएको स्थानमा जानु पर्ने</u>** : यस कार्यविधि बमोजिम स्थानान्तरण भएका शिक्षकहरु प्रचलित कानुनले तोकेको समय भित्र स्थानान्तरण भएको विद्यालयमा अनिबार्य रुपमा हाजिरी हुनु पर्नेछ, यसरी तोकिएको समयमा हाजिरी नहुने शिक्षकलाई सम्बन्धित विद्यालयले हाजिरी गराउन बाध्य हुने छैन र स्वयम् शिक्षक जवाफदेही हुनेछ ।

१६. **<u>विद्यालयले अनिवार्य रुपमा हाजिरी गराउनु पर्ने</u>** : दरबन्दी सहित वा यस कार्यविधि बमोजिम स्थानान्तरण भइ आएका शिक्षकलाई विद्यालयले अनिबार्य रुपमा हाजिरी गराउनु पर्नेछ ।

[२] पहिलो संशोधनद्वारा थप

१७. **<u>प्रधानाध्यापक जिम्बेवार हुने</u>** : यस कार्यविधि बमोजिम दरबन्दी पुनर्वितरण तथा शिक्षक ब्यवस्थापनको कार्यबाट स्थानान्तरण भइ आएका शिक्षकलाई विद्यालयमा हाजिरी गराउने तथा स्थानान्तरण भइ जाने शिक्षकलाई रमाना दिने जिम्मेवारी सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ ।

१८. **<u>सहयोग लिन सकिने</u>** : पालिकाले स्थानीय तहमा दरबन्दी पुनर्वितरण तथा शिक्षक ब्यवस्थापन गर्दा आइपर्ने समस्या समाधानका लागि पालिका स्तरिय शिक्षक महासंघको सहयोग लिन सक्नेछ ।

१९. **<u>समन्वय र सहजीकरण गर्ने</u>** : दरबन्दी पुनर्वितरण तथा शिक्षक ब्यवस्थापनको सन्दर्भमा आफ्नो विद्यालयबाट कुनै कारण दरबन्दी कट्टा हुने अवस्था भएमा वा आफ्नो विद्यालयमा शिक्षक स्थानान्तरण भइ आएमा उक्त कार्यका लागि सम्बन्धित विद्यालयको विद्यालय ब्यवस्थापन समितिले समन्वय र सहजीकरण गर्नु पर्नेछ ।

२०. **<u>आवधिक दरबन्दी मिलान सम्बन्धी  व्यवस्था</u>** : (१) जनसाख्यिक संरचना परिवर्तन भएको कारण स्वीकृत मापदण्ड अनुसार शिक्षक विद्यार्थी अनुपात थपघट हुनगई दरबन्दी मिलान तथा पुनर्वितरण गर्न आवश्यक देखिएमा यस्तो कार्य गाउँपालिका भरी  गर्नुपर्ने भएमा पालिका वा पालिकाले तोकेबमोजिम आवधिक रुपमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यापालिकाले आफ्नो क्षेत्र भित्र आवश्यकता अनुसार दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु पर्नेछ , यो कार्य नयाँ शैक्षिक सत्र शुरु हुनु अगाबै सम्पन्न गर्नु पर्नेछ ।

(२) उपदफा १ बमोजिम दरबन्दी मिलान तथा पुनर्वितरण गर्दा यस कार्यविधिमा उल्लेख भएको अनुसार  गर्नु पर्नेछ ।

(३) दरबन्दी मिलान तथा पुनर्वितरण गर्दा शिक्षक स्थानान्तरण गर्नु पर्ने अवस्था भएमा शैक्षिक सत्र शुरु हुनु भन्दा अगावै पुनर्वितरणको कार्य सम्पन्न गरि नयाँ शैक्षिक सत्र शुरु हुँदाको बखत शिक्षक स्थानान्तरण भएको विद्यालयमा हाजिर हुने वातावरण समेत मिलाउनु पर्नेछ ।

२१. **<u>समन्वय तथा सहयोग गर्नुपर्ने</u>** : नेपाल शिक्षक महासंघ तथा शिक्षकको पेशागत संघ/ संगठनहरुले शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण र शिक्षक ब्यवस्थापनको लागि

बराहताल गाउँपालिका, कार्यपालिका, गाउँ शिक्षा समिति, वडापालिका,  विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावकले आवश्यक समन्वय र सहयोग गर्नुपर्नेछ ।

२२. **बाझिएमा अमान्य हुने** : यस कार्यविधिको कुनैपनि व्यवस्था प्रचलित ऐन तथा कानुनसँग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

आज्ञाले

प्रेम बहादुर डि.सी.

प्रमुख प्रशासकीय अधिकृत